**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०४ मार्च २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मूले सतत र समावेशी विकासका लागि संसाधनहरुको प्रबन्धन कुशलता र निष्पक्षताको साथ गरिनुपर्ने स्पष्ट पार्नु भएको छ ।

- प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ सरकारले एक आत्मनिर्भर भारतको दृष्टिकोण अनुरुप काम गरिरहेको छ।

- मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले सबै मुख्य निर्वाचन अधिकारी, जिल्ला निर्वाचन अधिकारी र बुथ स्तरका अधिकारीहरूलाई पारदर्शिता र लगनशीलताका साथ सबै वैधानिक जिम्मेवारीहरू पूरा गर्ने आह्वान गर्नुभएको छ I

- आउँदो पर्यटक सिजन साथै दार्जीलिङका चालकहरूको समस्याहरूलाई ध्याममा राक्दै जीटीए प्रमुख कार्यपाल अनित थापाले एक उच्च स्तरीय कमिटी बनाउँने निर्देश दिनुभएको छ I

- दार्जीलिंग साउथफिल्ड कलेज र आई.आई.डी.एम, तमिलनाडु माझ आपदा प्रबन्धनमा व्यावसायिक पाठ्यक्रम प्रमाणपत्र सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भएको छ I

**राष्ट्रपति द्रौपदी मुर्मु समावेशी विकास**

राष्ट्रपति द्रौपदी मुर्मूले सतत र समावेशी विकासका लागि संसाधनहरुको प्रबन्धन कुशलता र निष्पक्षताको साथ गरिनुपर्ने स्पष्ट पार्नु भएको छ । राष्ट्रपति भवनमा भारतीय राजस्व सेवाका प्रशिक्षार्थीहरुलाई सम्बोधन गर्दै उहाँले बुनियादी ढाचा बढिरहेको, डिजिटल कनेक्टिभिटीले अन्तराल पुर्ने काम गरिरहेको बताउनु भएको छ । आर्थिक अवसरहरू अब पहिलेभन्दा अधिक सुलभ भएका छन्। राष्ट्रपति मुर्मुले भन्नुभयो, भारतीय राजस्व सेवाका अधिकारीहरूको कार्य शासन र कल्याणको लागि सबैभन्दा महत्त्वपूर्ण कार्यहरू मध्ये एक हो। उहाँले भारतीय राजस्व सेवाका अधिकारीहरूले यो आवश्यक स्रोतलाई निष्पक्ष, प्रभावकारी र पारदर्शी तरिकाले सङ्कलन गर्न सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्ने पनि बताउनु भएको छ । राष्ट्रपति मुर्मूले बदलिँदो समय, बढ्दो अपेक्षा र सरकारी पहलले अधिक दक्षता, पारदर्शिता र सुविधाका साथ नयाँ युगको शुरुवात गरिएको बताउनु भएको छ।

****** ० ******

**प्रधानमन्त्री -आत्मनिर्भर भारत**

प्रधानमन्त्री नरेन्द्र मोदीले सरकारले एक आत्मनिर्भर भारतको दृष्टिकोण अनुरुप काम गरिरहेको बताउनु भएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ सरकारले एक आत्मनिर्भर भारतको दृष्टिकोण अनुरुप काम गरिरहेको छ। उहाँले भन्नुभयो – पछिल्लो दस वर्षमा सुधार, वित्तीय अनुशासन, पारदर्शिता तथा एकीकृत विकास प्रति आफ्नो सतत वचनबद्धताको प्रदर्शन गरेको छ। अर्थव्यवस्थामा एम.एस.एम.ईको महत्त्वबारे श्री मोदीले भन्नुभयो -एमएसएमईले देशको आर्थिक विकासमा परिवर्तनकारी भूमिका खेलेको छ।प्रधानमन्त्रीले विकास, विनिर्माण, निर्यात र परमाणु ऊर्जा मिशन, वनियामक, निवेश र व्यवसाय गर्न सहजता सुधारको सन्दर्भमा एमएसएमई क्षेत्र बारे बजेट पछिको वेबिनारलाई सम्बोधित गर्नुहुदै उक्त कुराहरु भन्नुभएको हो ।प्रधानमन्त्रीले भन्नुभयो स्थिर नीति अनि एक सकारात्मक व्यवसायिक वातावरण विकासको लागि महत्त्वपूर्ण छ।प्रधानमन्त्री नरेन्द्र मोदीले देशमा व्यवसाय गर्न सहज बनाउन गरिएका विभिन्न उपायहरू बारे भन्नुभयो -सरकारले जन विश्वास अधिनियमलाई कार्यान्वित गरेको छ साथै अनुपालनलाई कम गरेर सरलीकृत आयकरको अवधारणा प्रस्तुत गरेको छ। उहाँले भन्नुभयो सरकारले

दोस्रो जनविश्वास विधेयकमा काम गरिरहेको छ। श्री मोदीले बजेटमा उत्पादन र निर्यातलाई बढावा दिन महत्त्वपूर्ण कदम चालिएको बताउनु हुदै निरन्तरता र सुधारको आश्वासनले उद्योगमा नयाँ विश्वासलाई जागृत गरेको बताउनु भएको छ ।

****** ० ******

**मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमार**

मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले सबै मुख्य निर्वाचन अधिकारी, जिल्ला निर्वाचन अधिकारी र बुथ स्तरका अधिकारीहरूलाई पारदर्शिता र लगनशीलताका साथ सबै वैधानिक जिम्मेवारीहरू पूरा गर्न आह्वान गर्नुभएको छ । श्री ज्ञानेश कुमारले आज नयाँ दिल्लीमा सबै राज्य र केन्द्र शासित प्रदेशका मुख्य निर्वाचन अधिकारीहरूको दुई दिवसीय सम्मेलनलाई सम्बोधन गर्नुभयो। उहाँले राजनीतिक दलप्रति उत्तरदायी र पहुँचयोग्य हुन निर्देशन दिनु भयो । विद्यमान कानूनी दायराभित्र रहेर सबै विषयको समाधान का लागि सम्बन्धित अधिकार प्राप्त निकायले नियमित रुपमा सर्वदलीय बैठक बस्नुपर्ने उहाँको भनाइ रहेको छ । उहाँले भन्नुभयो , 'सबै मुख्य निर्वाचन अधिकारीहरूले यस महिनाको ३१ तारिखभित्र आ-आफ्ना उपनिर्वाचन आयुक्तहरूलाई कारबाहीको रिपोर्ट बुझाउनु पर्नेछ। श्री कुमारले भन्नुभएको छ -अधिकारीहरूलाई १८ वर्ष भन्दा माथिका देशका सबै नागरिकहरू मतदाताको रूपमा दर्ता भएको सुनिश्चित गर्न भनिएको छ। प्रमुख निर्वाचन आयुक्तले प्रत्येक मतदान केन्द्रमा ८०० देखि १२०० मतदाता राख्न निर्देशन दिनुभएको छ । उहाँले मतदानको सहजताका लागि ग्रामीण क्षेत्रमा न्यूनतम सुविधा सहितको मतदान केन्द्र निर्माण गर्नुपर्ने बताउनु भएको छ ।

****** ० ******

**फरक्का बैराज -भारत-बांग्लादेश संयुक्त नदी आयोग**

फरक्का ब्यारेजको भ्रमण गर्न आइपुगेका भारत–बङ्गलादेश संयुक्त नदी आयोगको बङ्गलादेशी प्रतिनिधिमण्डलले गङ्गा–पद्मा नदीको पानी साझेदारी बारे महत्वपूर्ण बयान दिएको छ। लामो समय देखि गरम महिनामा फरक्का ब्यारेजबाट पर्याप्त पानी नपाएको आरोप लगाउँदै आएको बंगलादेशले अहिले पानीको अभावलाई प्राकृतिक कारण मान्न थालेको छ। आज फरक्का निरीक्षणपछि बंगलादेशी प्रतिनिधिमण्डलका प्रमुख मोहम्मद अबुल हुसेनले भन्नुभयो -, 'प्राकृतिक कारणले नदीमा पानीको बहाव कम भएको छ। प्रतिनिधिमण्डलले आज बिहान ब्यारेजको निरीक्षण गर्नुका साथै गङ्गाबाट पद्मासम्म पानीको बहावको अवस्थाबारे जानकारी लिएको थियो ।उहाँले सहमति अनुसार नै गंगा–पद्माको पानी साझेदारी कठोरका साथ कार्यान्वयन भइरहेको पनि बताउनु भयो। सम्झौताको अवधि बडाउन बिषय माथी विशेष समिति द्वारा विचार गरिनेछ। संयुक्त नदी आयोगको ८६औँ बैठकमा भारत र बङ्गलादेशका प्रतिनिधिले भाग लिने भएका छन्। बैठकमा गङ्गा–पद्मा नदीको पानी साझेदारीका साथै टिस्टा नदीलगायत ५४ अन्तर्राष्ट्रिय नदीसँग सम्बन्धित विषयमा चर्चा हुनेछ। त्यसपछि ७ मार्चमा कोलकातामा तकनिकी स्तरको बैठक हुनेछ। शेख हसिना सरकारको पतनपछि दुई देशबीचको सम्बन्धमा तिक्तता आएको छ। बंगलादेशमा अल्पसंख्यकमाथि भइरहेको ज्यादती र भारत विरोधी माहौल बीच यो बैठक निकै महत्वपूर्ण मानिएको छ।

****** ० ******

**अनित थापा -निर्देश**

आउँदो पर्यटक सिजन साथै दार्जीलिङका चालकहरूको समस्याहरूलाई मध्य नजर राखेर जीटीए प्रमुख कार्यपाल अनित थापाले एक उच्च स्तरीय कमिटी बनाउँने निर्देश भास्कर मोक्तान,जीटीए ट्रान्स्पोट विभागका कार्यकारी निर्देशकलाई दिएको छ।जसमा SDO दार्जीलिङ,Traffic DSP, RTO दार्जीलिङ,जीटीए ट्रान्स्पोट विभागका सभासद,अधिकारीहरू साथै चालक संगठनका प्रतिनिधिहरू रहने थापाले जानकारी दिनुभएको छ ।दार्जीलिङको ट्राफिक समस्याहरू साथै चालकहरूले दिनहु भोग्न परेको समस्याहरू लिएर आज जीटीए मुख्यलाय लाल कोठीमा एक सभा सम्पन्न गरियो जसमा जीटीए मुख्य कार्यपाल अनित थापा,SDO Darjeeling,Traffic DSP, RTO,Transport विभाग सभासद साथै दार्जीलिङका विभिन्न चालक संगठनहरूको उपस्थिति रहेको थियो। चालकहरूले दिनहु भोग्न परेको समस्याहरू सभामा राखे पछि जीटीए मुख्य कार्यापाल श्री थापाले एउटा कमिटी बनाउँने निर्देश दिनुभएको छ । आजको बैठक सकारात्मक भएको साथै कमिटी बनाएर आउँदो दिनहरूमा चालकहरूको समस्याको समाधान गर्न हेतु कमिटी बनाउँने कुरालाई सहमति जनाइएको सम्पूर्ण चालकहरूको पक्षमा हिमालयन ट्रान्स्पोट कोडिनेसन् कमिटीका सभापति पासङ शेर्पाले जानकारी दिनुभएको छ ।

****** ० ******

**बिजनबारी -सडक मर्मत**

गाउँबाट आउजाउ गर्ने मुलसडक नाजुक भएको बताउदै दार्जिलिङ पुलबजार खण्ड अधिनस्त गोक दुई ग्रामको लोवर नेजी युथ कल्ब द्वारा बाटो मर्मत कार्य सम्पन्न गरिएको छ I नवगठित युवा सघको आयोजनामा सम्पन्न सडक मर्मत कार्यमा गाउका युवावर्गले व्यापक रूपमा भाग लिएका थिए I क समितिले जनाएका छन।

****** ० ******

**पश्चिम बंगालमा उच्च माध्यमिक परीक्षा- चिन्ता**

पश्चिम बंगालमा उच्च माध्यमिक (उच्च माध्यमिक) परीक्षाको निम्ति पञ्जीकरण गराइएको भए पनि परीक्षामा सामेल नहुने छात्रहरूको बढ्दो प्रवृत्तिप्रति शिक्षा जगतमा चिन्ता गहिरिँदै गइरहेको छ। बितेका केही वर्षदेखिकै लगातार यस्तो मामिला प्रकाशमा आइरहेको छ जहाँ हजारौं छात्रले परीक्षाको लागि नामांकन गराए पनि परीक्षामा बसेका छैनन्। शिक्षाविदहरूको मान्यता छ, यो प्रवृत्तिले राज्य बोर्डप्रति विद्यार्थीहरूको घट्दो रूचिलाई दर्शाउँछ। यस वर्ष गत सोमवारदेखि शुरू भएको उच्च माध्यमिक परीक्षामा पनि यस्तै स्थिति देख्न पाइएको छ । यस वर्ष परीक्षामा लगभग ५ लाख ९ हजार विद्यार्थीहरू सामेल भएका छन् भने वर्ष 2023- मा माध्यमिक (दशौं) परीक्षा उतीर्ण गरेपछि ५ लाख ५६ हजार विद्यार्थीहरूले उच्च माध्यमिक परीक्षाको लागि पञ्जीकरण गराएका थिए। वर्ष 2024- मा 9 हजार 13 लाख विद्यार्थीहरूले पञ्जीकरण गराएका थिए, तर 7 लाख 89 हजार विद्यार्थीहरू मात्र परीक्षामा सामेल भए। यसरी नै वर्ष 2023-मा 10लाख 51 हजार पञ्जीकरण गराएकोमा 8 लाख 18 हजार विद्यार्थीहरूले परीक्षा लेखेका थिए।राज्य शिक्षा विभागका एकजना अधिकारीले आफ्नो नाम गुप्त राखिदिने शर्तमा बताए, राज्यमा विद्यार्थीहरूको बोर्ड परीक्षाप्रति घट्दो रूचिमाथि जाँच गर्नुपर्ने माग लामो समयदेखिकै उठ्दै आइरहेको भए पनि यस दिशामा अहिलेसम्म कुनै ठोस कदम उठाइएको छैन।

****** ० ******

**साउथफिल्ड कलेजमा आपदा व्यवस्थापन तालिम।**

दार्जीलिंग साउथफिल्ड कलेज र आईआईडीएम, तमिलनाडु माझ आपदा प्रबन्धनमा व्यावसायिक पाठ्यक्रम प्रमाणपत्र सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ जसमा आपदा प्रबन्धनमा जागरूकता विकास गर्ने र आपदा विषय तयारी बढाउने बारेमा जानकारी दिइने छ। यसै विषयमा आज दार्जीलिंग साउथफिल्ड कलेजमा एउटा कार्यक्रमको आयोजना गरियो जसमा तमिलनाडु एकीकृत आपदा प्रबन्धन संस्थानका निर्देशक एसके वासुदेवन,आईआईडीएम तमिलनाडुका प्रिन्सिपल एल राजा , साउथफिल्ड कलेजका प्राचार्य डा अनुराधा राई आदिको उपस्थिति रहेको थियो। साउथफिल्ड कलेजले यसै सत्रदेखि आपदा व्यवस्थापन विषयमा तालिमनाडु स्थित एकीकृत आपदा व्यवस्थापन संस्था (आईआईडीएम)को सहयोगमा छ महिने प्रमाण पत्र तालिम सुरू गरिने भएको छ।

****** ० ******